# आ. व. २०७९/८० को हालसम्म संचालन भएका कार्यक्रमहरुको प्रगति विवरणः

१. आ.व. २०७९/०८० को हालसम्म २४ वटा कार्यपालिका बैठक सम्पन्न भएका छन्।

२. सार्वजनिक निजी साझेदारी (3P मोडेल) अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।

४. आवधिक योजना निर्माणको लागि निर्देशक समिति तथा आवधिक योजना कार्य सम्पादन, संयोजन तथा सहजिकरण उपसमिति साथै विभिन्न विषयगत समितिहरु गठन भइ आवधिक योजनाको प्रारम्भिक कार्यको रुपमा पार्श्वचित्र निर्माणको लागि तथ्यांक संकलनको कार्य अन्तिम चरणमा पुगेको छ।

६. कर्मचारीहरुको ४ दिने अध्ययन अवलोकन भ्रमण सम्पन्न भएको छ।

७. रम्भा गाउँपालिकाको प्रथम चौमासिक आन्तरिक लेखापरीक्षण सम्पन्न भएको छ।

८. निती, कार्यक्रम तथा योजना तर्जुमाको सन्दर्भमा गाउँकार्यपालिका तथा गाउँसभाद्धारा निर्मित विषयगत समितिहरुको बैठक सम्पन्न भएको छ। साथै सर्वदलीय बैठकबाट समेत राय सुझाव लिने कार्य भएको छ।

९. गाउँपालिकाको निशुल्क एकिकृत घुम्ती शिविर ०७९ पुष १ देखि ५ सम्म ५ वटै वडामा संपन्न गरिएको छ। जसबाट ७१८३ जना सेवाग्राहीहरुले सेवा लिनुभएको छ।

## आर्थिक प्रशासन तर्फ

## आ.व.२०७९/०८० को जेष्ठ मसान्तसम्मको आय तथा व्ययको विवरण तपसिल बमोजिम रहेको छ।

## १. आय तर्फ

क) १ नं वडा कार्यालय हुँगीको रु ६,१३,११४.२३।

ख) २ नं. वडा कार्यालय फोक्सिङ्कोट रु ३,७०,९९७।

ग) ३ नं. वडा कार्यालय पिपलडाँडा रु ५,९४,०४७.२९।

घ) ४ नं. वडा कार्यालय हुमिनको रु १,७९,११२.६१।

ङ) ५ नं वडा कार्यालय ताँहुको रु ३,३५,२५५।

च गा.पा. राजश्व शाखाः १९,५७,१०४.०२

छ) विभाज्य कोषः १४,७३,२२५ समेत गरी कुल जम्माः ५५,२२,८५४.८३।

३. त्यसैगरी जेष्ठ मसान्तसम्म संघीय सरकारबाट तपसिल बमोजिमका शिर्षकमा तपसिल बमोजिमको आम्दानी प्राप्त भएको छ।

| शीर्षक | प्रस्तावित आय | आम्दानी |
|---|---|---|
| समानीकरण अनुदान | १०,३१,००,००० | ९,०२,१२,५०० |
| शसर्त अनुदान चालु | २२,८४,७६,००० | २०,१४,८९,००० |
| शसर्त अनुदान पुँजीगत | २,७१,१७,६०० | २,७१,१७,६०० |
| विशेष अनुदान | ९०,००,००० | ४५,००,००० |
| कुल जम्मा | ३६,७६,९३,६०० | ३२,३३,१९,१०० |

४. त्यसैगरी जेष्ठ मसान्तसम्म प्रदेश सरकारबाट तपसिल बमोजिमका शिर्षकमा तपसिल बमोजिमको आम्दानी प्राप्त भएको छ।

| शीर्षक | प्रस्तावित आय | आम्दानी |
|---|---|---|
| समानीकरण अनुदान | ५५,२३,००० | ४१,४०,७५० |
| शसर्त अनुदान चालु | ० | ० |

| | | |
|---|---|---|
| शसर्त अनुदान पुँजीगत | ८०,००,००० | ५७,५०,००० |
| विशेष अनुदान चालु | ६०,००,००० | ४५,००,००० |
| समपुरक अनुदान पुँजीगत | १,५०,००,००० | १,१०,३७,००१ |
| कुल जम्मा | ३,४५,२३,००० | २,५४,२७,७५१ |

५. त्यसैगरी जेष्ठ मसान्तसम्म राजश्व बाडफाँडबाट तपसिल बमोजिमका शिर्षकमा तपसिल बमोजिमको आम्दानी प्राप्त भएको छ ।

| शीर्षक | प्रस्तावित आय | आम्दानी |
|---|---|---|
| मूल्य अभिवृद्धि कर | ७,९०,८९,००० | ४,३२,७४,९७९।६८ |
| सवारी साधन कर | ५९,७१,००० | ४२,७३,१८१।७४ |
| बाँडफाँड भई प्राप्त हुने दहत्तर बहत्तरको बिक्रि बाट प्राप्त आय | ७,६०,००० | ८,५७,२२० |
| विद्युत सम्बन्धी रोयल्टि | ३५,००,००० | ६,६१,७६६।०८ |
| कुल जम्मा | ८,९३,२०,००० | ४,९०,६७,१३८।५० |

## व्यय तर्फः

चालु आ.व. को जेष्ठ मसान्तसम्म विभिन्न क्षेत्रगत शिर्षकमा विनियोजित रकम र जेष्ठ मसान्तसम्म भएको खर्चको विवरण तपसिल बमोजिम रहेको छ ।

| सि.नं. | क्षेत्र/उपक्षेत्र | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४,१५,८९,१६५ | १,९१,६२,५५३ | ४६.०८ |
| २ | सामाजिक विकास | ३१,०९,५५,००० | १७,२६,६०,६५०।०५ | ५५.५३ |
| ३ | पूर्वाधार विकास | ११,७८,२७,८३५ | ४,९७,००,५२० | ४२.१८ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ६२,१८,००० | ४३,९९,१२५ | ७०.७५ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | ५,८५,९९,९१७.६४ | ३,७१,८५,१६७.३४ | ६३.४६ |
| | कुल जम्मा | ५३,५१,८९,९१७.६४ | २८,३१,०८,०१५ | ५२.८९ |

**जेष्ठ मसान्तसम्म चालु तथा पुँजीगत बजेट एवं खर्चको विवरण यस प्रकार रहेको छ ।**

| शिर्षक | बार्षिक बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| **चालु तर्फ** | **३६,७१,६४,४८२.६४** | **२१,४९,४९,५३७.३९** | **५८.५४** |
| **पुँजीगत तर्फ** | **१६,८०,२५,४३५** | **६,८१,५८,४७८** | **४०.५६** |
| **समग्र खर्च** | | | **५२.८९** |

**प्रशासन तथा राजश्व शाखा तर्फः**

**१.**आ.व. २०७९/०८० को श्रावण १ गतेदेखि हालसम्म जम्मा ३४ वटा प्राइभेट फर्म, ४ वटा निर्माण व्यवसायी, १ वटा बैंक सुचिकृत भएका छन्।

२. सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत लाभग्राही कायम भई आएका २७ जना परिवारसँग सम्झौता गर्ने कार्य सुरुवात भएको छ।

**शिक्षा युवा तथा खेलकुद विकास शाखा तर्फः**

१. २ दिने एकिकृत शैक्षिक सूचना व्यवस्थापन तालिम सम्पन्न भएको छ। जसमा ३९ जना सहभागीहरुले तालिम प्राप्त गर्नुभएको छ।

२. विद्यालयको प्र.अ. तथा लेखापालको लागि ४ दिने लेखा व्यवस्थापन तालिम सम्पन्न भएको छ।

३. साक्षरता दिवसको अवसरमा शिक्षक, खेलाडी, विद्यार्थी तथा खेल शिक्षक सम्मान कार्यक्रम सम्पन्न भएको छ।

४. प्रधानाध्यापकहरुको ६ दिने अध्ययन अवलोकन भ्रमण सम्पन्न भएको छ।

५. ३६ वटा विद्यालयहरुको सामाजिक परीक्षण सम्पन्न भएको छ।

६. आ.व. २०७९/०८० को श्रावण देखि जेष्ठ मसान्तसम्म २८ वटा विद्यालयमा ३० पटक अनुगमन, सुपरीवेक्षण, सहयोग समन्वय,

७. सम्पर्क सम्पन्न भएको छ। बालकक्षा देखि कक्षा ९ सम्म जम्मा २९३३ बालबालिकालाइ दिवा खाजा खुवाइएको छ।

८. खेलकुद प्रशिक्षक प्रशिक्षण कार्यक्रम ५ दिने

९.राष्ट्रपति रनिङ शिल्ड सम्पन्न भएको छ

१०.रम्भा गाउँपालिकाको शिक्षा योजना निर्माण अभिमुखिकरण सम्पन्न भई गाउँपालिकाको शिक्षा योजना निर्माणको चरणमा रहेको छ ।

११.सम्पूर्ण विद्यालयबाट तहगत रुपमा छनौट भई आएको १/१ जना विद्यार्थीलाई छात्रवृत्ति स्वरुप शैक्षिक सामाग्री वितरण गरिएको छ ।

१२.आइएमआइएस सम्बन्धी २ दिने कार्यशाला सम्पन्न भएको छ।

१३. कक्षा ३ को स्थानीय पाठ्यपुस्तक निर्माणाधिन चरणमा रहेको छ।

१४.विद्यालयमा इन्टरनेट जडान गरिएको छ।

१५.राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत रकमादेवि आ.वि.मा विज्ञान प्रयोगशाला, रम्भा मा.वि.मा पुस्तकालय निर्माण, अमर

१६.आ.वि र प्राकृतिक आ.वि. मा आइ.सि.टि ल्याव स्थापना भएको छ।

१७. रम्भा मा.वि. मा छात्रावास निर्माणको कार्य भइरहेको छ।

रिड नेपालको आयोजना तथा रम्भा गाउँपालिकाको समन्वयमा आधारभूत तहका शिक्षकका लागि १० दिने शैक्षीक सामाग्री निर्माण कार्यक्रम सम्पन्न भएको छ।

**सहकारी शाखा तर्फः**

रम्भा गाउँपालिका भित्रका सबै सहकारी शाखाको लागि एक दिने कोपोमिस सम्बन्धी अभिमुखीकरण सम्पन्न भएको छ।

**योजना शाखा तर्फः**

चालु आ.व. को हालसम्म जम्मा २९९ योजनाहरु रहेकोमा २३२ वटा योजना सम्झौता भएका छन् भने जसमध्ये १९५ योजनाहरुको फरफारक समेत भइसकेको छ।

**पूर्वाधार विकास शाखाः**

१. आ.व. २०७९/०८० को लागि स्वीकृत कार्यक्रम अनुसार १४ वटा योजनाहरु टेण्डर प्रक्रियामा गएका छन् जसमध्ये ४ वटा योजनाको निर्माण कार्य सम्पन्न भएको छ। १० वटा योजनाहरु सम्झौता भई निर्माणको चरणमा रहेका छन्। तपसिल बमोजिमका वडाहरुबाट तपसिल बमोजिमका योजनाहरु कोटेशन प्रक्रिया मार्फत भएका छन्।

| क्र.सं. | वडा गत विवरण | कोटेशनमा गएका योजनाहरु | कार्य अवस्था |
|---|---|---|---|
| १ | १ नं. वडा | ३ वटा योजना | सम्पन्न |
| २ | २ नं.वडा | ८ वटा योजना | सम्पन्न |
| ३ | ३ नं. वडा | ४ वटा योजना | सम्पन्न |
| ४ | ४ नं. वडा | १८ वटा योजना | सम्पन्न |
| ५ | ५ नं. वडा | ८ वटा योजना | सम्पन्न |

## स्वास्थ्य शाखातर्फः

| क्र.सं. | कार्यक्रम | कृयाकलापहरु | लाभान्वित संख्या | अवसर | चुनौती | समाधान |
|---|---|---|---|---|---|---|
| १. | गत आ.व. मा सम्पादित मुख्य मुख्य जन स्वास्थ्य कार्यक्रमहरुको सूचक कार्य प्रगति समिक्षा संपन्न गरेको। | -PP Slide presentation.<br>-अन्तरकृयात्मक कार्य।<br>-Gaping Analysis गरि कार्ययोजना वनाउने कार्य संपन्न गरेको। | ९१ | कार्य योजना वनाउन र कार्यान्वयन गर्न सहज भएको। | -सिमित स्रोत साधन असिमित आवश्यकताहरु।<br>-भौगलिक अवस्था।<br>-चेतनाको अभाव। | आवश्यकता को सिद्धान्तमा आधारित भई कार्यक्रमहरु को प्राथमिकीकरण गरिएको। |
| २ | पीफाइजर ५-११ वर्ष भित्रका बालबालिकाहरुको खोप अभियान पहिलो मात्रा र दोस्रो मात्रा तथा १२-१७ वर्ष भित्रका बालबालिकाहरुको मोर्डना तेस्रो बुष्टर मात्रा एडल्ट फाइजर | सवैको पहुँच र उपभोग पुगौस् भनि पालिकाको सवै वस्ती स्तरका विद्यालय र सामाजिक भवनमा खोप केन्द्र राखि ०७९ भाद्र र आश्विनमा गरि संपन्नता गरेको। | ५२९२ | कोभिड-१९ रोग विरुद्द रोकथाम तथा नियन्त्रण ।उत्साहजनक सहभागिता। | | |
| ३ | OTC स्थापना र सञ्चालन। | पालिकाको हुँगी स्वास्थ्य चौकी र ताहूँ प्रा.स्वा.केन्द्रमा सवै कमोडिटिज र जन शक्तिहरुको व्यवस्थापन गरि औपचारिक | ९ | वालबालिकाहरुको समुदाय स्तरमा नै एकिकृत शिघ्र कुपोषणको | अभिभावकले नियमित रुपमा OTC मा नल्याउनु। | Health workers परिचालित भई उपचारको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | कार्यक्रमका विच सेवाको प्रारम्भ भएको । | | व्यवस्थापन गरि स्वस्थ भएको । | | मात्रा पुरा गरि परामर्श दिएको । |
| ४ | आधारभूत औषधीहरु आपुर्ति व्यवस्थापन भएको । | १३५ आईटम का औषधीहरु e -biding प्रकृयावाट खरिद गरि सवै १० वटै स्वास्थ्य संस्थाहरुमा सप्लाई भएको र पालिकाको नारा"आधारभूत औषधीहरुHealth workers ले मौज्दात छैन भन्न पाईन्न तर रोगको निदान अनुरुप विरामीलाई अनावश्यक औषधी दिन्न भन्न पाईने " लाई कार्यान्वन गरिएको । | | लागत प्रभावकारी हुने गरि लामो अवधिको GMP Certified औषधीहरु खरिद भएको ।<br>र प्रदेश स्तरको स्वास्थ्य कार्यालय पाल्पा वाट सप्लाईमा समन्वय र सहकार्य भएको । | | |
| ५ | आयुर्वेद औषधीहरु आपुर्ति व्यवस्थापन भएको । | ५५ आईटम का आयुर्वेद औषधीहरु कोटेसन प्रकृयावाट खरिद गरि २ वटै स्वास्थ्य संस्थाहरुमा सप्लाई भएको । | | | | |
| ६ | स्थानीय स्तरमै अधिकांश स्थानीय ४४ जडिवुटीहरुको प्रशोधनवाट पोषण र रोग प्रतिरोधात्मक शक्ति प्रदान गर्ने च्यवनप्रासको उत्पादन र जेष्ठ नागरिकलाई निशुल्कः घर घरमा वितरण कार्य भएको र हुदै । | -पालिकाको लगानी<br>-स्थानीय जडिवुटीहरुको पहिचान र आयुर्वेद सेवाको प्रर्वद्धन ।<br>-स्थानीयले ज्ञान,सीप र आयआर्जन (अवला,घ्यू, मह आदिवाट)<br>-घर घर मै स्वास्थ्य कर्मिहरु परिचालित भई जेष्ठ नागरिकहरुको स्वास्थ्य परिक्षण रोगको निदान,उपचार र परामर्श । | ८०० | ज्ञान,सीप,उत्पादन र वजारीकरंण भएमा गुणस्तरीय च्यवनप्रासको उत्पादनको लागि राम्रो संभावित क्षेत्रको रुपमा विकास गर्न सकिने ।<br>-जेष्ठ नागरिकहरुको स्वास्थ्यको लागि पालिकाले ध्यान पुर्याएको । | | |

**<u>महिला तथा बालबालिका शाखा तर्फः</u>**

**महिला को क्षेत्रमा**

| क्र स | कार्यक्रमको नाम | कार्यक्रम सञ्चालन भएको स्थान | कार्यक्रम संयोजक | सहभागी | कैफियत |
|---|---|---|---|---|---|
| १ | लैङ्गिक हींसा बिरुद्धको सचेतनामुलक कार्यक्रम | हुगी फोक्सिङ्गकोट पीपलडाँडा तथा हुमिनका केही वडा तथा माध्यामिक विद्यालयहरुमा | महिला तथा बालबालिका शाखा | करिव ८०० जना | |
| २ | अन्तराष्ट्रिय महिला दिवस | रम्भा गाउँपालिकाका सबै वडा | वडा तथा पालिका स्तरिय महिला सञ्जाल | १००० जना | |
| ३ | लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण सम्बन्धी परिक्षण कार्यक्रम | रम्भा गाउँपालिका सभा हल | रम्भा गाउँपालिका तथा प्रदेश शुसासन केन्द्र | | |

बालबालिकाको क्षेत्रमा

| क्र स | कार्यक्रमको नाम | कार्यक्रम सञ्चालन भएको स्थान | कार्यक्रम संयोजक | सहभागी संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | बाल दिवस का अवसरमा निवन्ध प्रतियोगिता तथा दिवस समारोह | रम्भा गाउँपालिका सभा हल | महिला तथा बालकालिका शाखा र शिक्षा शाखा | शिक्षक विद्यार्थी तथा अन्य गरी करिव ३०० | |
| २ | बालविवाह न्युनिकरण बाल सहभागिता र बालमैत्री दिगोपनमा सम्बन्धी अधिमुखीकरण कार्यक्रम | रम्भा गाउँपालिका सभा हल | महिला तथा बालकालिका शाखा र शिक्षा शाखा | शिक्षक विद्यार्थी गरी ६० जना | |

## अपाङ्गता सम्बन्धी

| क्र स | कार्यक्रमको नाम | कार्यक्रम सञ्चालन भएको स्थान | कार्यक्रम संयोजक | हाल सम्म वितरण भएको परिचय पत्र संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | अपाङ्गता परिचय पत्र वितरण | नियमित रुपमा रम्भा गाउँपालिकामा | रम्भा गाउँपालिका महिला तथा | रातो कार्ड =५४<br>निलो कार्ड=२०३ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बालबालिका शाखा | पहेलो कार्ड=१३१<br>सेतो कार्ड= ४०<br>जम्मा= ४२८<br><br>जना | |
| २ | अपाङ्ता परिचय पत्र घुम्ति शिविर | रम्भा गाउँपालिकाका सबै वडा | रम्भा गाउँपालिका महिला तथा बालबालिका शाखा | | |

## जेष्ठ नागरिक तर्फ

| क्र स | कार्यक्रमको नाम | कार्यक्रम सञ्चालन भएको स्थान | कार्यक्रम संयोजक | हाल सम्म वितरण भएको परिचय पत्र संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | जेष्ठ नागरिक  परिचय पत्र वितरण | नियमित रुपमा रम्भा गाउँपालिकामा तथा घुम्ति शिविरमा सबै वडामा | रम्भा गाउँपालिका महिला तथा बालबालिका शाखा | १५८१ जना | |

**न्यायिक समिति तर्फः**

चालु आ.व. को हालसम्म ५ वटा उजुरी निवेदन दर्ता भएका छन् । जसमध्ये ३ वटा निवेदन उपर बैठक चलाइ छलफल गराइएको छ भने  २ वटा निवेदनमा छलफल हुन बाँकी रहेको छ । वडा कार्यालयमा स्थापित मेलमिलाप सेवा केन्द्रबाट नियमित रुपमा मेलमिलाप सम्बन्धि कार्य भइनैरहेका छन् ।

**सामाजिक सुरक्षा तथा पंजिकरण शाखा तर्फः**

१.आ.व. २०७९/०८० जेष्ठ मसान्तसम्म सबै वडामा गरी ५०० वटा जन्म दर्ता,  २३४ वटा मृत्यु दर्ता, ३२ वटा सम्बन्ध विच्छेद दर्ता, ३१२ वटा विवाह दर्ता, बसाइसरी जाने ९१ र आउने १४ गरी जम्मा १०५ वटा बसाइसराइ दर्ता भएका छन् ।

२. त्यसैगरी सामाजिक सुरक्षा अन्तर्गतः

**तेस्रो त्रैमासिकसम्मः**

| विषय | पहिलो त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | |
|---|---|---|---|---|---|---|
| | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम |
| अन्य जेष्ठ नागरिक भत्ता | १५८३ | १,७३,१७,६५७ | १६०६ | १,९०,६५,१३९ | १६२७ | १,९१,५४,६१८ |
| जेष्ठ नागरिक भत्ता (दलित) | ११४ | ८,८३,१२० | ११५ | ८,९७,७५० | ११७ | ९,०८,५२८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| जेष्ठ नागरिक एकल महिला | ३०५ | २४,१७,९४० | ३०९ | २४,३०,८८६ | ३०७ | २४,४९,८६० |
| विधवा | ४२६ | ३३,१९,६८० | ४२९ | ३३,७९,३५३ | ४३५ | ३४,३४,०६० |
| पूर्ण अपाङ्गता भत्ता | ४० | ४,५८,८५० | ४१ | ४,८२,३७७ | ५६ | ६,५८,३५० |
| अति अशक्त अपाङ्गता भत्ता | १७२ | १०,८२,०८८ | १७९ | ११,२७,८४० | १८८ | ११,९१,०१० |
| दलित बालबालिका | २१० | ३,१७,८४५ | २२५ | ३,३७,५२६ | २३३ | ३,५३,२०२ |
| लोपोन्मुख जाति | ० | ० | ० | ० | ० | ० |
| जम्मा | २८५० | २,५७,९७,१८० | २९०४ | २,७७,२०,८७१ | २९६३ | २,८१,४९,६२८ |

## पशु सेवा शाखा तर्फः

आ.ब ०७९/८० मा यस रम्भा गाउँपालिका पशु विकास शाखाबाट भएका पशु पालन सम्बन्धी कार्यक्रमको प्रगति विवरण तपसिल अनुसार रहेको छ ।

| क्र .सं. | कार्यक्रमको विवरण | बजेट | परिमाण/ संख्या | प्रगति तथा उपलब्धि |
|---|---|---|---|---|
| १ | रेविज रोग नियन्त्रण कार्यक्रम | | ३१० | रेविज खोप लगाएको रेविज रोग नियन्त्रणमा सहयोग पुगेको |
| २ | पशु विमा | ४०००० | ठुला पशु ७२०<br>साना पशु ७८० | १५०००००० लाख बरावरको पशु धनको जोखिम न्युनिकरण भएको |
| ३ | साइलेज तथा घास खेती तालिम | २००००० | १२० जना कृषक | १२० फार्महरुलाई घास खेती तथा साइलेज निर्माण सम्बन्धि ज्ञान प्रदान |
| ४ | पशुपन्छि खोप कार्यक्रम | २००००० | १५००० बाख्रा<br>५००० बंगुर<br>७००० कुखुरा | बाख्रा, बंगुर र कुखुरामा संक्रमण रोग लाग्नबाट बचावट। |
| ५ | पशुपन्छि औषधि वितरण कार्यक्रम | ६००००० | २००००० | साना ठुला पशुहरुमा उपचार सेवा पुर्याएको रोग उन्मुलन भएको दुध, अण्डा र मासुमा बृद्धि भएको |
| ६ | कृत्रिम गर्भादान कार्यक्रम | | १५० गाइ भैसी | गाइ भैसीमा नस्ल सुधार भइ दुध उत्पादनमा बृद्धि हुने |

## कृषि विकास शाखा तर्फ

१. ५ वटा वडामा ६६४१५ के.जी. उन्नत जातको आलुको विउ वितरण गरीएको छ।
२. ५ वटा वडामा ८४४७ के.जी उन्नत जातको धानको विउ वितरण गरिएको छ।
३. एकिकृत घुम्ति शिविरमा उन्नत तरकारीको विउविजन वितरण तथा परामर्ष सेवा प्रदान गरीएको छ जसमा ५ वटै वडामा गरी जम्मा १२७० जाना सेवाग्राहीले सेवा लिनुभएको थियो।
४. आधारसिला तालिम २ दिने ८० वटा समुहलाई दिइएको छ।
५. कृषि तथा टनेल सम्बन्धि ३ दिने तालिम दिइएको।
६. ५ वटै वडामा ८३ वटा टनेल सेट (टनेल प्लास्टिक, मल्चिङ प्लास्टिक, थोपा सिंचाइ प्रणालि ,एलेस्टिकट्र्याप, प्लास्टिक ट्रे, कोकोपिट, हेलिल्युर, प्लास्टिक ड्रम ५० लि., युभि डोरी TLM Trap) वितरण गरिएको।
७. तरकारी पकेट कार्यक्रमलाई निरन्तरता दिइएको छ।
८. बेसार खेती सम्बन्धि ३ दिने तालिम दिइएको छ।

## गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम तर्फ

१. उद्यम विकास समिति पुनर्गठन गरिएको छ।

२. लघु उद्यम विकासका लागि सामाजिक परिचालन कार्यक्रम ५ वटै वडामा सम्पन्न भएको छ जसमा २२५जना सहभागि भएका थिए।

३.उद्यमशिलता विकास तालिम ५ वटै वडामा सम्पन्न भएको छ जसमा १५१ जना सहभागी भएका थिए।

४. आ ब ०७९/८० मा नयाँ उद्यमी तर्फ ९१ जनाले सिप विकास तालिम प्राप्त गरेका छन।

५. स्तर उन्नती कार्यक्रम तर्फ ५६ जना उद्यमीहरु सिप विकास तालिम र अध्ययन अवलोकन भ्रमणमा सहभागी भएका छन्।

## गाउँ विकास कार्यक्रम तर्फ

१. रम्भा गाउँपालिकाको ४ वटा वडामा गाउँ विकास कार्यक्रम संचालन भएको छ।
२. वडा नं. ३ पिपलडाँडामा ३ दिने व्यवसायिक तरकारी खेति तालिम सम्पन्न भएको छ जसमा ४ वटा समुहका २५ जना सहभागी भएका थिए।
३. वडा नं. ३ पिपलडाँडामा २ दिने बचत व्यबस्थापन तालिम सम्पन्न भएको छ जसमा ३२ वटा समुहका ६१ जना सहभागी भएका थिए।
४. वडा नं. ५ ताँहुमा समुहका अध्यक्ष र सचिवका लागी २ दिने बचत व्यबस्थापन तालिम सम्पम्न भएको छ जसमा २० वटा समुहका ४२ जना सहभागी भएका थिए।
५. वडा नं. ५ ताहुमा समुहका अध्यक्ष र सचिवका लागि २ दिने समुह संचालन सम्बन्धि क्षमता विकास तालिम सम्पम्न भएको छ जसमा २० वटा समुहका ४७ जना सहभागी भएका थिए।
६. वडा नं. ३ पिपलडाडाँमा समुहका अध्यक्ष र सचिवका लागि १ दिने समुह संचालन सम्बन्धि क्षमता विकास तालिम सम्पम्न भएको छ जसमा ३२ वटा समुहका ५६ जना सहभागी भएका थिए।
७. मासिक रुपमा संचालन हुने अध्यक्ष मेनेजर भेला सबै वडामा नियमित रुपमा संचालन भएको छ।
८. रम्भा ३ पिपलडाँडामा समुहका पदाधिकारीहरुका लागि सबै समुहलाई समेट्ने गरी ४ स्थानमा २ दिने नागरिक सचेतना कार्यक्रम संचालन गरिएको छ जसमा ३० वटा समुहका १९५ जना सहभागी भएका छन्।
९. समुहको बैठक तथा बचत नियमित रुपमा संचालन भएको छ।
१०.हाल सम्म १०४ वटा समुह गठन भई संचालनमा आएका छन् र १०४ वटा समुहमा २६७१ जना सदस्य आबद् छन्।
११.समुहको बैठक तथा बचत नियमित रुपमा संचालन भएको छ।
१२.१०४ वटा समुहमा जम्मा रु ७२९४३७०।०० बचत भएकोमा ६८७२०००।०० रकम समुहका सदस्यको लागि लगानी भएको छ। साथै आयआर्जनका लागी ५६६६५००।०० घुम्तीकोष लगानी भएको छ।

## सूचना प्रविधि शाखा तर्फः

१. रम्भा गाउँपालिकामाको कार्यालयमा २0 MBPS साथै ५ वटै वडा मा इन्टरनेट जडान कार्य सम्पन्न भएको छ।
२. व्यक्तिगत घटना दर्ता सम्बन्धि ३५,९४१ तथ्यांकहरु डिजीटाइज भइ सिस्टममा अपलोड भएको (100%)
३. सम्पूर्ण वडा बाट अनलाइन घटना दर्ता कार्य नियमित रुपमा भएको छ। (100%)
४. सामाजिक संजाल ,वेबसाइट, इमेल लगायत गाउँपालिकामा संचालित विभिन्न सिस्टमबाट सूचनाहरु नियमित प्रवाह भएका छन्।
५. वडा कार्यालयमा पावरव्याकपको व्यवस्थापन (100%) गरिएको छ।
६. Msgrants/Csgrants योजना (समपुरक,विशेष) /केन्द्र ,प्रदेश बाट माग गरिएको छ।
७. Yojana system and taxtation system संचालनमा आएको छ।

८. गाउँपालिका मातहतका सम्पूर्ण डाटाहरुलाइ आफ्नै प्राइभेट सर्भरमा राख्ने व्यवस्था गरिएको छ।
९. LISA र FRA सम्पन्न भएको छ।
१०. सम्पूर्ण प्रविष्ट कागजातको आधारमा स्वमुल्यांकनको १० विषय क्षेत्रमा ७६.७५ अंक प्राप्त भएको छ भने FRA मा ५१.५ अंक प्राप्त भएको छ।

## प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ

प्रधानमन्त्री रोजगार कार्यक्रमको आ.व २०७९/८० मा कुल योजना ९ वटा रहेको थियो जसमा गोरेटो बाटो निर्माण तथा मर्मत योजनामा कुल ६१ जना ले औसत मा ९५ दिन रोजगार पाउन सफल भएका छन्। साथै तिन जनालाई श्रम स्वीकृति प्रदान गरिएको छ।